# Invitation for Bids

## सन्धिखर्क नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, सन्धिखर्क, अर्घाखाँची

### सिलवन्दी दरभाउ आह्वान

प्रथम पटक प्रकाशित मिति २०७८/६/६

सन्धिखर्कनगरपालिका, नगर कार्यपालिका सन्धिखर्क, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउ आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहमा आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७८/०७९ सम्म मान्य भएको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको सन्धिखर्क स्थित **राष्ट्रिय बाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको आन्तरिक आय खाता हि.नं.३०५०१००३०१०१०००२** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट **मिति २०७८/६/२० गते** कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नु पर्ने सबै विवरणहरु प्रष्टसँग लेखि **मिति २०७८/६/२२ गते १२:०० बजेसम्म** यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु नियमानुसार यसै कार्यालयमा **मिति २०७८/६/२२ गते १:०० बजे** खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित **राष्ट्रिय बाणिज्य बैंक ३०५०१००३०३००००२** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड दरभाउपत्र निम्नानुसारको **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)** को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र **९८५७०८६७०१/९८५७०६९०७७/९८५७०२९५९९** मा सम्पर्क गर्न वा **sandhikharkamunicipality@gmail.com** मा पठाउन सकिनेछ ।

७. कामको विवरण दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधिको विवरण निम्न अनुसार छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | दरभाउपत्र दस्तुर रु. | लागत रकम ( मु.अ.कर बाहेक ) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि |
|---|---|---|---|---|---|
| SQ/SM/R/P/01/ 2078/079 | सिद्धेश्वर टोल, शान्ति नगर टोल, ढोरपाटन सुधार समिति टोल सडक स्तरोन्नती कार्य स.न.पा.२ | १००० | ६९७०८८।२१ | २१०००।०० | [illegible] |
| SQ/SM/R/P/02/ 2078/079 | घोचेखोला-पकले सडक स्तरोन्नती कार्य स.न.पा.२ र ८ | १०००।०० | ५८०७१३।७९ | १८०००।०० | |
| SQ/SM/R/P/03/ 2078/079 | गंगा सरोवर स्तरोन्नती सनपा–६ | १०००।०० | ९६४६००।७५ | २९०००।०० | |